म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ६२ २०८० माघ ६ गते शनिबार 20 January 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## एक युवकको शव फेला

हेटौँडाः चितवनको खैरहनी नगरपालिका-१३, गौवामा एक युवकको शव फेला परेको छ । शव रोल्पा दुईखोली गाउँपालिका-१ का २५ वर्षीय बिक्रम रोका मगरको रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहीबार दिउँसोको समयमा ढुँग्रेखोला नजिक खैरहनी-१२ बस्ने हरि पाठकको जग्गामा एक ल महतोले लगाएको केरा घारीभित्र मगरको शव फेला परेको हो । मगरको शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ । मृतकको शरीरमा ठूलो चोटपटक नदेखिएको, घुँडामा कोतारिएकोजस्तो रहेको र १/२ दिन अगाडि मृत्यु भएकोजस्तो देखिएको प्रहरीले जानकारी दिएको छ ।



**परीक्षाको नतीजाः** हेटौँडा-१८, दोभानचौरस्थित कमला आधारभूत विद्यालयमा शुक्रबार अर्धवार्षिक परीक्षाको नतीजा वितरण गरिँदै । विद्यालयले अभिभावकको उपस्थितिमा विद्यार्थीको नतीजा वितरण गरेको हो । गत पुस १९ गतेदेखि परीक्षा सुरु भएको थियो ।

## पदमपोखरी अस्पतालको उद्घाटन



समाज संवाददाता

हेटौँडाः हेटौँडा-१३ मा पदमपोखरी अस्पतालको उद्घाटन भएको छ । गत महिनादेखि सञ्चालनमा आएको अस्पताल शुक्रबार हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले औपचारिक उद्घाटन गर्नुभएको हो ।

उद्घाटन कार्यक्रममा हेटौँडा-१३ का वडा अध्यक्ष पेम्बा लामा, हेटौँडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, वडा सदस्यलगायतको उपस्थिति रहेको थियो । पदमपोखरी अस्पतालले पहिले ५ शैयामा सेवा दिनेछ भने आगामी दिनमा १५ शैयासम्ममा विस्तार गरिने हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखा प्रमुख भोला चौलागाईले बताउनुभयो । चौलागाईका अनुसार अस्पतालको पुरानो भवन सानो भएकाले नयाँ भवन बनाउने गुरुयोजना बनिरहेको छ । पदमपोखरी अस्पतालमा डा. निशान अर्यालले बिरामीको जाँच गर्दै आउनुभएको छ ।

उद्घाटनकै दिन पदमपोखरी अस्पतालमा निःशुल्क स्वास्थ्य जाँच भएको छ । सेवा फाउण्डेसन र बयोधा अस्पतालको संयुक्त सहकार्यमा भएको शिविरमा ४ सय ३७ जनाको जाँच गरिएको छ । शुक्रबार भएको शिविमा २ सय ६६ जना महिला र एक सय ७१ जना पुरुषले स्वास्थ्य जाँच गराएको अस्पतालका सिनिएर अहेव शेरबहादुर ब्लोनले जानकारी दिनुभयो ।

शिविरमा आँखा जँचाएका एक सय ५० जनामध्ये ५१ जनामा मोतिविन्दुको समस्या देखिएको छ । मोतिविन्दु देखिएका ५१ जनाको निःशुल्क शल्यक्रिया हेटौंडा सामुदायिक आँखा अस्पतालले गर्ने भएको छ । यस्तै, एक सय ८ जनाले मधुमेह जाँच गर्दा ३० जनामा पोजेटिभ देखिएको छ । शिविरमा २३ जनाले मानसिक स्वास्थ्य र ८ जनाले तालु तथा ओठ फाटेको समस्या लिएर आएका ब्लोनले बताउनुभयो । डा. निशान अर्याल र डा. करुणा ब्लोनले बिरामीको स्वास्थ्य जाँच गर्नुभएको थियो ।

## पेस्तोल र गोलीसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले पेस्तोल र गोलीसहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाजुरा जिल्लाको हिमाली नगरपालिका-१ का ३१ वर्षीय देव बहादुर थापा र नवलपरासी जिल्ला पुर्वी सुस्ता कावासोती नगरपालिका-५ का ५७ वर्षीय वीर बहादुर थापा मगर रहेको जिल्ला प्रहरी कार्यालय हेटौँडाका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

शुक्रबार बिहान १० बजेर २० मिनेटको समयमा प्रहरीचौकी रातोमाटेबाट खटिएको चेकिङ टोलीले चितवनबाट काकडभिट्टातर्फ जाँदै गरेको मे १ ख २५३७ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षाजाँच गर्दा बसमा सवार देव र वीरको साथबाट पेस्तोल १ थान, गोली १ थान, र दुइवटा प्लास्टिकमा सेतो कलरको पाउडर २ किलो ७ सय ग्राम फेला पारेको थियो । पेस्तोल र गोलीसहित २ जनालाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रवक्ताभण्डारीले जानकारी दिनुभएको छ ।

## लागुऔषधसहित बमबहादुर र अर्जुन पक्राउ

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषधसहित दुइजनालाई पक्राउ गरेको छ । शुक्रबार बिहान ९ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेबाट प्रहरीले तनहुँ जिल्लाको व्यास नगरपालिका-६ का ३२ वर्षीय बम बहादुर बिक र नवलपरासी जिल्लाको देवचुली नगरपालिका-७ का ३० वर्षीय अर्जुन बिकलाई लागुऔषसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

बीरगंजबाट हेटौँडातर्फ आउँदै गरेको बा प्र ०१ -००१ ख ५८६८ नम्बरको यात्रुबाहक विद्युतीय गाडी रोकी सुरक्षाजाँच गर्ने क्रममा बमबहादुरको साथबाट लागुऔषध डाईजेपाम २५ एम्पुल, फेनारगन २५ एम्पुल र नुर्फिन-२५ एम्पुल बरामद गरिएको प्रहरीले जनाएको छ । यस्तै अर्जुनको साथबाट प्रहरीले लागुऔषध डाईजेमाप ६ एम्पुल, फेनारगन ६ एम्पुल र नुर्फिन ६ एम्पुल बरामद गरेको प्रहरीले जनाएको छ । दुबैजनालाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ ।

## प्रदेश स्वास्थ्य नीतिको मस्यौदाबारे छलफल सम्पन्न

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश स्वास्थ्य नीतिको प्रारम्भिक मस्यौदाबारे छलफल कार्यक्रम सम्पन्न भएको छ । बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको आयोजनामा भएको दुईदिने कार्यक्रम शुक्रबार सम्पन्न भएको हो ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा सहभागीहरुले समूहगत छलफल गरी प्रदेश स्वास्थ्य नीति तथा रणनीतिबारे प्रस्तुतिकरण गरेका छन् । ६ वटा समुहको प्रस्तुतिकरणपछि मन्त्रालयले अन्तिम छलफल चलाएर उपयुक्त निर्णय गर्ने बताइएको छ । अन्तिम मस्यौदा मन्त्रिपरिषद्बाट पास भएर नीति लागू हुनेछ ।

स्वास्थ्य निर्देशनालयका निर्देशक दीपकप्रसाद तिवारीका अनुसार छलफलको सुझावलाई समेटेर उत्कृष्ट प्रदेश स्वास्थ्य नीति बनाउने बताउनुभयो । स्वास्थ्य मन्त्रालयले २२ वटा नीति र २४ वटा रणनीति बनाएको थियो । मन्त्रालयले प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक परिवेश र विद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसरलाई मध्यनजर गर्दै नीतिहरु बनाएको हो । यस्तै, प्रादेशिक स्वास्थ्य नीतिको निर्देशक सिद्धान्तको आधारमा तय गरिएको उद्देश्यहरु हासिल गर्ने राणनीति बनाइएको छ ।

मन्त्रालयले विभिन्न स्वयम्सेविका, स्थानीय, सहयोगी साझेदारलगायतसँग यस विषयमा छलफल गरेको स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. खगेश्वर गेलालले बताउनुभयो । उहाँका अनुसार नीति तथा रणनीतिको विषयमा मुख्यमन्त्रीसँग अन्तिम मस्यौदा साझेदारी गरी प्रतिक्रिया लिइनेछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयसँग अन्तिम मस्यौदामा सहमति तथा सुझाव मागिने भएको छ । उहाँका अनुसार गाउँ, टोल तथा वडामा स्वास्थ्य विषयमा प्रतिस्पर्धा गराउने रणनीति बनाइनेछ ।

कार्यक्रमको पहिलो दिन स्वास्थ्य निर्देशनालयका निर्देशक तिवारीले प्रदेश स्वास्थ्य नीति तर्जुमाका प्रक्रिया र हालसम्मको प्रगति प्रस्तुतिकरण गर्नुभएको थियो । विश्वा स्वास्थ्य संगठन नेपालका प्रदेश स्वास्थ्य अधिकृत हरि भुसालले बागमती प्रदेशमा स्वास्थ्य अवस्थासम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो भने स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. गेलालले प्रदेश स्वास्थ्य नीतिको मस्यौदा प्रस्तुतिकरण गर्नुभएको थियो ।

## बालमैत्री स्थानीय शासनका सूचकबारे छलफल

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-४ स्थित हेटौँडा क्याम्पसमा बालमैत्री स्थानीय शासनका सूचकको अवस्था मापनबारे छलफल कार्यक्रम भएको छ । शुक्रबार हेटौँडा-४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

बालबचाउका १४ सूचकमध्ये १३ पूरा भएको कार्यक्रममा जानकारी दिइएको छ । ४ नम्बर वडालाई असोज मसान्तसम्म बालमैत्री घोषणा गर्ने भनिए पनि ढिलाइ भएको बताइएको छ । बालमैत्री हुनका लागि बालविवाहमुक्त, सबै घरधुरीमा खानेपानीको व्यवस्या, ५ वर्ष भएका बालबालिकाको अनिवार्य जन्मदर्ता गरिएको हुनुपर्छ । यस्तै, सबै घरपरिवारले आयोनुनको प्रयोग गरेको हुनुपर्नेछ भने सबैको घरमा शौचालयको व्यवस्था गर्नुपर्नेछ । सबै गर्भवती महिलाले टिटानशको सुई लगाउनु पर्नेछ भने बालश्रममुक्त भएको हुनुपर्छ । १४ वर्षभन्दा मुनिको बालबालिकालाई अनिवार्यरुपमा संरक्षण दिनुका साथै प्रत्येक विद्यालयमा खानेपानीसहित छात्र र छात्राको लागि फरक-फरक शौचालय हुनुपर्छ ।

## माघ १० गतेबाट शहीद सप्ताह

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११ स्थित शहीद स्मारक आगामी माघ १० गतेदेखि शहीद सप्ताह सुरु हुने भएको छ । शुक्रबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै स्मारक विकास समितिले कार्यक्रमबारे जानकारी गराएको हो ।

सप्ताहअन्तर्गत् पहिलो दिन माघ १० गते बिहान ९ बजे शहीद स्मारकभित्र राखिएको बुद्ध प्रतिमाको अनावरण गर्ने समितिका सचिव रघुनाथ खुलालले जानकारी गराउनुभयो । करिब १५ लाख रुपैयाँ लागतमा बुद्धको मूर्ति उक्त स्थानमा राखिएको हो । दोस्रो दिन माघ ११ गते कृषि, हस्तकला तथा पर्यटकीय वस्तुहरुको प्रवर्द्धन मेला सुरु गरिने र विविध सांस्कृतिक कार्यक्रम गरी जेष्ठ नागरिकलाई सम्मान गर्ने जनाइएको छ । कार्यक्रम हेटौंडा-११ को समन्वयमा हुन लागेको हो ।

सप्ताहअन्तर्गत् तेस्रो दिन माघ १२ गते वडा नम्बर ११ स्तरीय नृत्य प्रतियोगिता, चौथो दिन रक्तदान कार्यक्रम र 'शहीद र मदन भण्डारीको सपना साकार पार्नका लागि नवयुवाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने जनाइएको छ । पाँचौं दिन माघ १४ गते वडास्तरीय बालक्लब हेटौंडा-११, वक्तृत्वकला प्रतियोगिता र माघ १५ गते राष्ट्रिय कलाहरुको सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण, हुप्रचौरमा शिक्षक खुला दौड प्रतियोगिता आयोजना गरिने जनाइएको छ । शहीद सप्ताहको अन्तिम दिन माघ १६ गते बिहान ८ बजे शहीद स्मारक गेटबाट प्रभातफेरी गरी स्मारकभित्र राखिएको शहीदको मूर्तिमा माल्यार्पण कार्यक्रमको आयोजना गरिने जनाएको छ । अहिले वार्षिक ५ लाख जनाले शहीद स्मारक अवलोकन गर्ने गरेको र २ करोड रुपैयाँ बराबरको आम्दानी हुने गरेको स्मारकका व्यवस्थापक रामचन्द्र न्यौपानेले जानकारी दिनुभयो ।

## व्यवसायी घिमिरे नगर खेलकुद विकास समितिको अध्यक्ष



रविन्द्रप्रसाद घिमिरे

समाज संवाददाता

हेटौँडाः कपडा तथा तयारी पोशाक व्यवसायी रविन्द्रप्रसाद घिमिरेलाई हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले नगर खेलकुद विकास समितिको संयोजकमा मनोनित गर्नुभएको छ । नगर प्रमुखस्तरीय निर्णयबाट घिमिरेलाई नगर खेलकुद संयोजकको जिम्मेवारी दिने निर्णय बिहिबार भएको हो । शुक्रबारदेखि लागु हुने गरी उपमहानगरले घिमिरेलाई ३ वर्षका लागि संयोजकको जिम्मेवारी दिएको हो ।

घिमिरे यसअघि मकवानपुर जिल्ला खेलकुद विकास समितिको सदस्य समेत हुनुभएको थियो । घिमिरेसँगै सदस्यमा सुनिल लोप्चन, यज्ञबहादुर राय र विजय गौतमलाई नियुक्त गरिएको छ । नगर खेलकुद विकास समितिमा एकजना संयोजक २ जना महिलासहित ५ जना सदस्य रहने व्यवस्था छ । नगर खेलकुद विकास समिति ऐन-२०७७ को दफा ३ को उपदफा २ मा भएको व्यवस्था बमोजिम संयोजक र सदस्य नियुक्त गरिएको हो । संयोजक र ३ जना खुला सदस्यको सूचि सार्वजनिक भए पनि २ जना महिला सदस्यको विषयमा भने कुनै किसिमको जानकारी सार्वजनिक भएको छैन ।

उपमहानगरपालिकाले खेलकुदमा पदाधिकारी नियुक्तिको विषयमा औपचारिक जानकारी गराएको छैन । नगर प्रमुखले काँग्रेस, एमाले, माओवादी र नेकपा एकीकृत समाजवादी सम्वद्ध व्यक्तिहरुलाई नगर खेलकुदको संयोजक र सदस्यमा मनोनित गर्नुभएको छ । संयोजक घिमिरे नेपाली काँग्रेस, लोप्चन नेकपा एमाले, राय नेकपा एकीकृत समाजवादी र गौतम नेकपा माओवादी केन्द्रसम्वद्ध हुनुहुन्छ ।

गत साउन २६ गते नै यसअघिको नगर खेलकुद विकास समितिको कार्यकाल पूरा भइसके पनि समितिको संयोजकमा काँग्रेस र माओवादीको दावी भइरहँदा समिति गठनमा ढिलाई भइरहेको थियो । नगर खेलकुद विकास समितिको संयोजकलाई मासिक २० हजार रुपैयाँ भत्ता र पेट्रोल १५ लिटर सुविधा रहने गरेको छ भने सदस्यलाई बैठक भत्ताको मात्रै व्यवस्था रहेको छ ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि.
Email:sambridhasamaj@gmail.com

# अज्ञात श्रीमतीलाई पत्र



**भूमिराज पौडेल**

प्रिय हुनेवाली अज्ञात श्रीमती, खै के भनेर सम्बोधन गरूँ म ! मायालु भनुँ त मायारुपी शब्दहरु नै छैनन् । प्रियसी भनुँ त जीवनको दुई दशक बितिसक्दा पनि तिम्रो प्रिय हुन सकेको छैन । श्रीमती भनौँ त स्वयम्बरका मालाहरु बनेका नै छैनन् । अहिलेसम्म हामी दुई अञ्जान नै छौं ।

कहाँ छौ ? कस्ती छौ ? कस्तो छ आनिबानी ? केही पनि थाहा नै छैन तर यति थाहा छ कि तिमी एक असल व्यक्ति हुनेछौ । हुन त तिमी रङ्गिन दुनियाँमा रम्दै मलाई याद नै गर्न भुलेकी छौ होला । तिमीलाई आज म पहिलोपटक तिमी भनेर सम्बोधन गर्दैछु । तिमीले कहिलेबाट मलाई जान्नेछौ थाहा छैन, कहिलेबाट चिन्नेछौ त्यो पनि थाहा छैन । कहिलेबाट माया गर्ने हौ त्यो जान्दिनँ तर तिमी अञ्जान भए पनि सुन्दर छौ । त्यसैले पहिलोपटक पत्र लेख्दै छु ।

सबैले भन्ने गर्छन् अब त बेला भैसक्यो, कोही त आउनुपर्ने जिन्दगीमा खाली ठाउँ भर्नलाई । हरेक कुराको समय आउँछ भन्छन् नि, हो त्यही समयको प्रतीक्षामा बसेको छु भनेर टारिदिन्छु । प्रिय अज्ञात श्रीमती, कहिलेकाहीँ आफै कल्पना गर्छु । कल्पनाभित्र नै कुवाँमा भ्यागुतोले डुबुल्की हाने झैं डुब्छु अनि फेरि त्यही कल्पनामा नै रमाउँछु ।

खै ! कसरी भनुँ या कहाँबाट सुरु गरुँ । तिमीलाई लजालु खालको सोझो, इमान्दार, जान्ने बुझ्ने श्रीमान चाहिएको होला । तर म लजालु छैन, इमान्दार भने अवश्य छु । बढी व्याख्या गरेँ भने फेरि गफ लगायो भन्छौ होला । पढे-लेखेको छु, धेरै जान्ने भने छैन तर समयले सिकाएका कुराहरु राम्ररी बुझ्छु, बुझ्दैछु । सबैसँग खुलेर बोल्ने गर्छु, फेरि अन्यथा नसोच्नु नि !

तिमी आएपछि हल्का लजालु स्वभावको बनाइदेऊली नि, हुन्न ? यो दिन भनेर त म तोक्न सक्दिनँ तर तिमीलाई पहिलोपटक ठूलो मानिसको भिडमा देख्नेछु, आखिर कैयौं परिचित अपरिचित मानिसको भिडमा तिमीलाई हेर्न पुग्नेछु ।

तिमी सुन्दर, सबै कुरामा भरिपूर्ण हुनुपर्छ भन्दिनँ तर जिम्मेवार व्यक्ति भने हुनुपर्‍यो । सधैं श्रीमानको नजरले मलाई हेर्नुपर्छ पनि भन्दिनँ, साथीको नजरले हेरि दिए पनि पुग्छ । मलाई थाहा छ तिमी पनि प्रेम सम्बन्धबाट थाकिसकेकी हुनेछौ । सजिलै मलाई विश्वास गर भन्दिनँ तर यति प्रेम र साथ दिन्छु कि तिमी मलाई अवश्य विश्वास गर्नेछौँ । ढाँटेको हैन, साँच्चै भन्दैछु ।

तिमी स्वर्गकी अप्सरा जस्ती हुनुपर्छ भन्ने छैन किनकी अप्सरा कस्ता हुन्छन् मलाई थाहा पनि छैन र देखेको पनि छैन । तिम्रो बोलिवचन र व्यवहार राम्रो भए पुग्छ । तिमीलाई मंहगो गाडीमा घुमाउन नसकुँला, सुनैसुनले ढाक्न नसकुँला तर यो शरीरमा मेरो आत्मा रहुञ्जेल तिमीलाई साँझ-बिहान पूरा पेट खुवाउन सक्छु ।

यो पढ्दै गर्दा तिमीले मेरो पत्रलाई स्वीकार गर्नुपर्छ भन्ने छैन । तिमी एक खुला आकाशमा उडेकी चरी हौ । तिमीलाई पिँजडामा राख्नुपर्छ भन्ने मेरो धारण छैन । तिमीलाई स्वतन्त्र नै छाडिदिन सकुँ । मेरो हुनुपर्छ, मेरो बाहेक अरु कसैको हुन पाउदिनौ भन्नु पनि छैन । यदि तिमी मलाई चाहान्छौ भने मात्र, मलाई माया गर्छौ भने मात्र म तिम्रो लायक छु भन्ने बुझ्छु ।

अहिले तिमीसँग बिहे गर्न राम्रो केटा आयो भने बिहे गरिहाल है । मलाई कुर्नुपर्दैन, फेरि मसँग बिहे गरेर आएपछि 'डाक्टर आएको थियो, म्यानेजर आएको थियो, लाहुरे आएको थियो, पाइलट आएको थियो, पिआरवाला आएको थियो, सरकारी जागिरेहरु सबै आएका थिए । मेरो भाग्य फुटेको तिमीसँग बिहे गरेर आउन लेखेको रैछ आएँ' भन्दै कचकच गर्न पाउँदिनौ ।

प्रिय अज्ञात, हामी मरेर प्रेमलाई अमर बनाउने हैन बाँचेर प्रेममा रमाउने हो । तिमी आफैले रोजेको जिन्दगीमा सबैलाई रिझाएर बाँच्ने गर। घरको कुरा माइत हुँदै माइतको कुरा घर नबनाउनू । हामी एकअर्कको परिपूरक भएर बाँचौं, वृद्धवृद्धा हुँदासम्म सँगै रहौँ अनि नाति-नातिनाहरुले सोधे भने यो भन्नू कि- हाम्रो पाला प्रेम भन्ने थिएन, यो त पछि आएको हो । पहिला आफू खुसी बन्नु अनि मात्र मलाई खुसी बनाउनू ।

सुन न, म बुझ्नेछु तिम्रो रोजाइलाई । आशा लागेको छ तिमी पनि पक्कै बुझ्नेछौ मेरो रोजाइलाई । घरबाट टाढा छुट्टिएर कहिल्यै बस्न नपरोस् । तिमी फूल भए म त्यही फूलको हाँगा बनी मन्दिरदेखि चिहानसम्म सँगै जान पाइराखुँ । तिमी अनि परिवारबिना कहिल्यै बाहिर हिँड्न नपरोस् । दुवै मिली दुःख-सुख गरौँला र खुसीसाथ रहौँला ।

मेरो हरेक प्रयासमा तिम्रो खुसी हुनेछ र हाम्रो खुसी परिवारको खुसी हुनेछ । तिम्रो आफ्नै पनि संसार छ । तिम्रो आफ्नो आमाबुबा, दाजुभाइ दिदीबहिनी इष्टमित्र छन् । भेट्न, बोल्न त पाउनुपर्‍यो नि हैन ? तर त्यसमा मैले कुनै रोकावट गर्ने छैन । १० दिन घर बाहिर बस्दा पनि कहाँ बसिस् भनेर शंकाको नजरले हेर्ने छैन । तिमी मेरो विश्वासमा लात कहिले नमार्नू र म पनि तिम्रो विश्वास कहिल्यै तोड्ने छैन ।

मभन्दा नि धेरै बुझ्ने छौ होला तिमी, के राम्रो के नराम्रो मैले भनिराख्न पनि नपर्ला । अहिले अबुझ भए पनि त्यति बेलासम्म त जिन्दगी बुझेकी हुनेछौ । जुन दिन तिमी आउनेछौ, नयाँ रंग लिएर आउनेछौ र हाम्रो जीवन रंगिन हुनेछ । पत्रबाट भए पनि अज्ञात मान्छेलाई बधाइ त दिनुपर्‍यो । तिमी छोरीबाट बुहारी हुने भयौ । सफलताको शुभकामना ।

उहीँ तिम्रो प्रिय अज्ञात

# बत्ती



**श्रेजल सुवेदी**

झिलिमीली बत्ती छ
उज्यालो दिइरहेको छ

विद्यार्थीको जीवनमा
बत्तीको धेरै महत्व छ
पढ्नलाई सजिलो छ
राती उठेर मदनलाई

साहारा दिएको छ
घरलाई उज्यलो
बनाई दिएको छ ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# साथी




**दियश भट्ट**

साथीसँग मिल्ने हो
गफ हान्ने हो
राम्रो कुरा बुझाई अघि बढाउने हो
साथीलाई सिकाउने हो
साथीसँग मिल्ने हो
साथीलाई माया गर्ने हो
साथीलाई अघि बढाउने हो
पढाउने पनि हो ।


*कक्षा-१, नवोदय शिशु सदन हेटौँडा-४*

# चित्रकला





**दिपासना थापा**
**कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५**





**सायुज्य देवकोटा**
**कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौँडा-२**

# हामी दुई परेवाहरू



**आकांक्षा निरौला**

सूर्यास्तका स्वर्णिम दृश्यहरूमा
आज भर्दै छौं वेदनाको रातो रङ्ग
लगाउँदै छौं स्वतन्त्रताका गुहारहरू
हामी दुई परेवाहरूले

भर्दै थियौं मायालु रङ्ग
इन्द्रधनुमा हामी
नाच्दै थियौं वनका आश्चर्यहरूमा
गाउँदै थियौं हिमालसँगै गीत
रम्दै थियौं अजम्बरी प्रेमका ध्वनिहरूमा
र
हिँड्दै थियौं सँगसँगै जीवनका गोरेटाहरूमा
तर,
कति अबुझ् यो दुनियाँ
कति अबोध यो समाज
मासियो अरे कुलको इज्जत
बाल्दा पिरतीको दियो
काटिने भयो रे परिवारको नाक
जातपातका नाउँमा
हामी दुई परेवाहरूले गर्दा
कति सजिलै काटिन्छन् पङ्खहरू पनि
बाँधिन्छन् जन्जिर
निर्थक मनसायहरूद्वारा
खोसिन्छन् शान्ति र स्वतन्त्रता
र
भुलिन्छ 'वसुधैव कुटुम्बकम्'
कति सहजै लगाइन्छ कोर्न
वियोगान्त कथा
हामी दुई परेवाहरूको
आज आफ्नै आफ्नाका भीडमा एक्लै छौं
हामी दुई परेवाहरू
आकाश भासिएछ हाम्रा लागि
इन्द्रेणीका सप्तरङ्ग पनि फिका लाग्छ आज

अब,
अब बदि्लनुपर्छ हामी दुई परेवाहरूले
आफ्नो नियति
रोज्नुपर्छ गान्धिको प्रेम र शान्तिको मार्ग
उड्नुपर्छ स्वतन्त्र भई
र
उड्न दिनुपर्छ
प्रेमका धरोहरहरुलाई
अनि,
अनि हटाउनुपर्छ
जातपातका कुरीतिहरू
यो भुवनबाट
र
परेवारूपी मानवलाई
साना ठुला भन्ने मनसायबाट

*कक्षा-९, जीएस निकेतन, हेटौँडा-५*

# गजल



**रोनिक पौडेल**

चरी बनी उड यो मनमा, आसमान पो किन चाहियो ?
नयाँबस्तीकै रानी बनाउँला, धरान पो किन चाहियो ?

गुलाबी रंगको ओँठ छुट्टै चमक मुहारमा
पौडेल केटो सुहाउँछ तिमीलाई खान पो किन चाहियो ?

हरिणको जस्तो चाल त्यसमाथि रसिलो त्यो आँखा
पति बनाई पुज मलाई भगवान् पो किन चाहियो ?

खराब आचरण त्याग गरेँ बदलाब आयो धेरै
माया मात्र पाए पुग्छ सम्मान पो किन चाहियो ?

इसारामै लभ यु भनिदेउ लाज लाग्छ भने
मायाको भाषा बुझ्न कान पो किन चाहियो

*कक्षा-१०, जिएस निकेतन, हेटौँडा-५*

# युवा कवि क्षेत्रीको एकल कविता वाचन



**समाज संवाददाता**

हेटौंडाः पोखराका युवा कवि अमृत क्षेत्रीको एकल कविता वाचन कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ । शुक्रबार फर्क अभियानअन्तर्गत् साहित्य संगम मकवानपुरको सभाहलमा कवि क्षेत्रीको एकल कविता वाचन कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कवि क्षेत्रीले आफ्नो एक दर्जन कविता वाचन गर्नुभएको थियो । उहाँले फर्क कोही पर्खिरहेको छ, मान्छे, सत्यम् सिवम् सुन्दरम्, मान्छे खोजिरहेको क्यान्भास, ईश्वर झुटाइ कथान्स, युद्धको बदलामा मुस्कान, म निराकार छुलगायतका कविता वाचन गर्नुभएको थियो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेश निखिलले क्षेत्रीले लेख्नुभएको यादको कोलाज भन्ने पुस्तकमाथि टिप्पणी गर्नुभएको थियो । पुस्तकमा भएको निबन्धलाई कविताको शैलीमा समेटेकोमा निखिलले खुशी व्यक्त गर्नुभयो । किताबमा लेखिएको अंशहरुमा कलात्मक भाषाको प्रयोग भएको उहाँले स्पष्ट पार्नुभयो । समाजमा भएको नकारात्मक कार्यलाई न्यूनीकरण गर्नुपर्छ भन्ने उद्देश्यले फर्क अभियान सुरु गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गर को तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# मेहनत गर, परिश्रमी बन !



**सरोजप्रसाद साह**



आउ युवा अब, देश बचाङ !
बुद्धको, संदेश बचाऊ !!
देशको, उद्धार गर....
मेहनत गर, परिश्रमी बन !!!२



जन जनमा अब, चेत जगाङ !
हँसिया, हलो, कोदाली उठाउ !!
मातृभूमिको उद्धार गर....
मेहनत गर, परिश्रमी बन !!!२
आउ युवा, दुर्भाग्य हटाङ !



स्वदेशमै स्व, दीप जलाऊ !!
कर्मको सञ्चार गर....
मेहनत गर, परिश्रमी बन !!!२

मन हो तिम्रो काँचो माटो !
यसमा सुनौलो आकार भर !!२
मेहनत गर, परिश्रमी बन !!!



रिस हैन, ईख बचाङ !
पुर्खाको सब, जीत बचाङ !!
तन-माटोको उद्धार गर...
मेहनत गर, परिश्रमी बन !!!२

# मेरी आमा



**कृष्णा मगर**

संसारमा सबैभन्दा प्यारी हाम्री आमा
सबैसँग लड्ने आँट राख्छिन्, हाम्री आमा
नराम्रो काम गर्‍यो भने हान्छिन् है लट्ठी
घाउ चोट लाग्यो भने गर्छिन् मलम पट्टी

अब केही गर्नु छ आमाका लागि काम
संसारलाई चिनाउने छु गरी प्रख्यात नाम
कसरी त्यागनु म आमाका कष्ट सारा
आमा मेरी चम्किली छन् जस्तै कि तारा

स्वर्ग भन्दा कम छैन आमाको माया
पिपलको छहारी जस्तै आमाको छाँया
दिन होस् या राती गर्छिन् हाम्रै सेवा
राम्रो काम गरेमा पाइन्छ मिठो मेवा

सबै सन्तानलाई प्यारी हुन्छिन् आमा
आफू नखाई नखाई दिन्छिन् मिठो खाना

*कक्षा-९, ज्ञानदा मावि, हेटौंडा-१०*

## गाउँखाने कथा

१. शरीर भरि आँखैआँखा, हेर्दा केही छैन, अरुलाई नबोकिकन हिँड्नै जान्दैन ।
- डोको

२. लामो–लामो लहरामा मीठो फल, खाँदाखेरी मुखैभरी जलैजल ।
- अँगुर

३. आकाशकी रानी पातालमा खसी, सूर्यलाई देख्दा थुचुक्क बसी ।
- शीत

४. दल्दा दल्दै खिइसकी सानी सानी मोरी, तर पनि बनाउँछे अरुलाई गोरी ।
- साबुन

५. माझ मझेरी उत्तानो पारी, दुई घुँडा धसी ल्यासल्यास गरी ।

# बुबा आमा



**आना सुवेदी**

बुबा तपाइँ आकाशको जुन
आमा तपाइँ आकाशको तारा ।

बुबा तपाइँले दुख गर्नुभयो
आमा तपाइँले राम्रो संस्कार सिकाउनुभयो ।

बुबा तपाइँले चाहना पूरा गर्नुभयो
आमा तपाइँले दुख गरेर जन्माउनुभयो ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# मुक्तक



**अजिता ओझा**

१
तिमी बिना बाँच्दिन भन्थ्यो झुठा वाचा-कसम खाएर गयो
सपनाको उडान भर्न हिँडेको मलाई एकोहोरो बनाएर गयो
छोड्नै थियो त चुपचाप छोड्देको भए पनि हुने थियो यार
सर्वगुण सम्पन्न देख्ने ती आँखाले अनेक खोट लगाएर गयो

२
एकाएक टाढियौ आफ्नोपन सकियो
छैनन् कुनै रहरहरु बाँच्ने मन सकियो
हरेस खाँदा जिन्दगीमा नडराउ भो म छु भन्ने
तिमी छैनौ लाग्छ अब जीवन सकियो

३
पाइन्छ इज्जत हुन्छ सान धर्म पनि हुन्छ
समाजमा बढ्छ मान सम्मान धर्म पनि हुन्छ
प्रेमी प्रेमिकासँग महंगा होटल धाउनुभन्दा बरु
जानुस् मानव सेवा गर्नुस् दान धर्म पनि हुन्छ

*निजगढ-८, बारा*

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: आय क्षेत्र सबल भएको समय छ । मिहिनेतले विभिन्न अवसरहरु प्राप्त हुन सक्ने अवसर छ । हिम्मतले काम बनाउन सकिने छ । इच्छाशक्ति बढ्ने समय योग छ । दायित्व र जिम्मेवारी बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक छ । विदेशी प्रयोजनका कामहरु सम्पन्न होलान् । पढाइ–लेखाइ ठिकै छ । आफ्नो कमजोरी पत्ता लगाएर अगाडि बढ्दा राम्रो रहने छ ।

**वृष राशि**: आध्यात्मिक र दार्शनिक भावनाको विकास हुने समय छ । सहयोगको आकांक्षा प्रति सद्भाव बढ्ला । लगनशीलताले काममा पूर्णता प्राप्त होला । धन वा प्रतिष्ठाका दृष्टिले त्यत्ति भरपर्दो समय समय छैन । उत्साही लिएर निर्णय नगर्दा राम्रो । धैर्य र शान्त भएर काम गर्दा राम्रो । व्यापार–व्यवसायमा सतर्कता अपनाउँदा राम्रो होला । अध्ययन–अध्यापन मध्यमकारक छ ।

**मिथुन राशि**: आन्तरिक क्षमतामा वृद्धि होला । नयाँ काम प्राप्ति योग छ । पारिश्रमिक प्राप्त हुने समय छ । काममा संलग्नता जनाउँदा प्रतिष्ठा र सम्मान बढ्ला । आकर्षक र चुम्बकीय व्यक्तित्वले लाभ होला । रचनात्मक र सिर्जनात्मक काममा मन जाला । व्यापार–व्यवसायका काममा अवरोध आइपर्ला । मानसिक सन्तुष्टि प्राप्त होला । परिश्रमको प्रशंसा र कमजोरीमा सुझाव  प्राप्त होला । धार्मिक यात्रा योग होला ।

**कर्कट राशि**: परिश्रम र मिहिनेतका बलमा लाभ प्राप्त होला । बन्दव्यापारको क्षेत्रबाट लाभ प्राप्त होला । भूमि, बाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ला । मन प्रसन्न रहने समय छ । विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला । परीक्षा र प्रतियोगितामा सफलता बढ्ला । प्रतिष्ठा वृद्धि हुने समय छ । धार्मिक र आध्यात्मिक कामप्रति रुचि बढ्ला । वैदेशिक योगबाट लाभ प्राप्त हुने छ ।

**सिंह राशि**: इच्छा–आकाङ्क्षा र लक्ष्य पूरा गर्न सकिने समय छ । प्रतिष्ठा कमाउने समय छ । धार्मिक वा साँस्कृतिक वा परोपकारका काममा समय बित्ला । लक्ष्य प्राप्तिमा लागिएला । साँझेदारी कामबाट लाभ होला । इमान जमानमा ख्याल गर्दा र ाम्रो । वैदेशिक योगमा सफलता  । प्रेममा मन हलुका र चङ्गा होला । भाग्य वृद्धि होला । पढाइ–लेखाइ मध्यम नै छ ।

**कन्या राशि**: जोखिम र संकटयुक्त समय छ । नैराश्यता, दिग्दारी र चिड्चिडेपन बढ्न सक्छ । परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्ला । लगानी र दौडधूपको समय योग छ । व्यापार–व्यवसाय मध्यमकारक नै छ । अरुले नाजायज फाइदा उठाउन सक्लान् । चिसोबाट बच्दा राम्रो । आपसी सम्बन्धमा समेत आँच आउला । पढाइ–लेखाइ मध्यम नै छ ।

**तुला राशि**: आत्मीय मित्रसँग भावना साटासाट होला । मिष्ठान्न भोजनको समय छ । साँझेदारी र सहकार्यका कामबाट मात्र लाभ प्राप्त हुनेछ । आम्दानीका श्रोतहरु बढ्लान । उन्नति प्रगतिको समय छ । धार्मिक, आध्यात्मिक र सामाजिक काममा सरिक भइने छ । पारिवारीक सुख वृद्धि होला । मन प्रसन्न होला । पढाइ–लेखाइमा त्यति ध्यान नजाला ।

**वृश्चिक राशि**: भविष्य निर्माण गर्न अझै परिश्रम आवश्यक देखिन्छ । स्वास्थ्य क्षेत्र आदिबाट अझै धेरै  उपलब्धी मिल्ला । श्रम र वृद्धिले भाउ पाउला । व्यापार र व्यवसाय सामान्य नै रहला । प्रयत्नले लक्ष्य प्राप्ति होला । धार्मिक तथा आध्यात्मिक काममा विशेष मन जाला । इज्जतमा ख्याल गर्नु पर्ला । नियमित कामधन्धामा गृहिणीहरुका लागि मन नजाला । पढाइ ठिकै छ ।

**धनु राशि**: मौन नै विजय र सुखको प्रतीक मानिन्छ । परिश्रमले इज्जत र प्रतिष्ठा कमाइएला । दाम्पत्य जीवनको खटपटमा कमी आउला । व्यक्तिगत स्वास्थ्यमा अझ बढी सजगता अपनाउँदा राम्रो होला । बुद्धिले कमजोरी हटाइएला । व्यक्तित्व निर्माणको समय छ । प्रतिस्पर्धामा विजय भइएला । ज्ञानमूलक काममा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यम छ । दाम्पत्य जीवन ठिकै रहला । पढाइमा परिश्रम गर्नु पर्ला ।

**मकर राशि**: घरायसी समस्याहरु क्रमशः सुल्झदै जालान् । अरुको इच्छा बुझेर अगाडि बढ्दा राम्रो होला । अचल सम्पत्तिका क्षेत्रबाट कारोबार होला । दानपुण्यप्रति आकर्षण बढ्ला । जनकल्याण र परोपकारमा रमाइएला । धार्मिक तथा आध्यात्मिक काममा सरिक भइने समय छ । धार्मिक यात्रा होला । प्रेम जीवनमा असहजता आइपर्ला । सहपाठी साथीको सहयोग होला ।

**कुम्भ राशि**: आहार बिहारमा ध्यान केन्द्रित गर्नुपर्ला । योजना बनाएर काम गर्दा राम्रो हुनेछ । धार्मिक यात्रा र भेटघाटमा समय बित्ला । बौद्धिक छलफलनमा सरिक भइने समय योग छ । कामको दबाब कम हुनाले मन मनोरञ्जनमा केन्द्रित हुने छ । अरुका काममा सरिक भइने छ । कामप्रतिको समर्पण भाव बढ्ला । नोकरीमा बिचार विमर्श बढ्ला । स्वास्थ्य ख्यान गर्नु पर्ला ।

**मीन राशि**: काम देखाएर उपलब्धि हात पार्ने समय छ । विशेष जिम्मेवारी वा नोकरी प्राप्त होला । शेयर कारोबार वा सट्टापट्टाको कामबाट लाभ प्राप्त होला । रोकिएका कामहरु बन्नेछन् । सामाजिक काममा सरिक भइने छ । व्यापार–व्यवसायबाट लाभ नै होला । बोली र व्यवहारमा नम्रता अपनाउँदा राम्रो । पढाइ–लेखाइ मध्यमकारक नै छ ।

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

**समृद्ध समाज राष्ट्रिय दैनिक**











**रविन्द्रप्रसाद घिमिरे** **विजय गौतम**

*कपडा तथा तयारी पोशाक व्यवसायी संघका सल्लाहकार भाइ* **रविन्द्रप्रसाद घिमिरे र भाइ विजय गौतम** *हेटौंडा उपमहानगरपालिकाको खेलकुद विकास समिति संयोजक र सदस्यमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।*

**नेत्रप्रसाद खतिवडा, अध्यक्ष**
**एवम् कपडा तथा तयारी व्यवसायी संघ मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण  परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल

# क्वाटरफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिकामा जारी जिल्लास्तरीय रनिङ शिल्ड शिक्षक भलिबल प्रतियोगिताको क्वाटरफाइनल समीकरण पूरा भएको छ । शुक्रबार लिग चरणको खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको क्वाटर फाइनल समीकरण पूरा भएको हो ।

थाहा नगरपालिका-१० स्थित नाटेश्वर माध्यमिक विद्यालयमा भएको शुक्रबारको पहिलो खेलमा बकैयाको जनक माध्यमिक विद्यालय विजयी हुँदै क्वाटर फाइनल प्रवेश गरेको छ। जनक माध्यमिक विद्यालयले दुर्गादेवी आधारभूत विद्यालयलाई २-० को सोझो सेटले पराजित गरेको छ। जनक माविले दुर्गादेवी आधारभूत विद्यालयलाई २५-९ र २५-१८ ले पराजित गरेको हो ।

शुक्रबार भएको दोस्रो खेलमा मनहरीस्थित जनजागृति माध्यमिक विद्यालय विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ । जनजागृति माध्यमिक विद्यालयले भोजसिद्ध माविलाई २-० को सोझो सेटले पराजित गरेको छ । जनजागृतिले भोजसिद्धलाई २५-२१ र २५-१८ को सेटले पराजित गरेको हो । तेस्रो खेलमा विजयी हुँदै महेन्द्र मावि क्वाटरफाइनलमा प्रवेश गरेको छ । महेन्द्र माध्यमिक विद्यालयले राक्सिराङको सूर्योदय माध्यमिक विद्यालयलाई २-० को सोझो सेटले पराजित गरेको छ । महेन्द्र माविले सूर्योदय माविलाई २५-२३ र २५-२२ को सेटले पराजित गरेको हो ।

चौथो खेलमा विजयी हुँदै आयोजक नाटेश्वर माध्यमिक विद्यालय क्वाटर फाइनल प्रवेश गरेको छ । आयोजक नाटेश्वरले भैरव माध्यमिक विद्यालयलाई ३-१ को सेटले पराजित गरेको छ। पहिलो सेटमा २५-१९ ले अगाडि बढेको आयोजकले दोस्रो सेटमा १४-२५ ले पछि परेको थियो । अन्तिम सेटमा १५-१३ ले नाटेश्वरले भैरवलाई पराजित गर्न सफल भएको हो। पाँचौं खेलमा थाहा नगरपालिकाको सुन्दरीदेवी माविले मकवानपुरगढीको भानु माविलाई ३-१ को सेटले पराजित गरेको छ । पहिलो सेटमा २५-१७ ले अग्रता बनाएको सुन्दरीदेवीले दोस्रो सेटमा २०-२५ ले पराजित हुनुपरेको थियो । तर, तेस्रो सेटमा सुन्दरीदेवीले भानुलाई १५-१२ ले पराजित गरेको हो ।

छैठौं खेलमा विजयी हुँदै जीएस निकेतन क्वाटरफाइनल प्रवेश गरेको छ । जीएस निकेतनले पालुङको जनकल्याण माध्यमिक विद्यालयलाई २-० को सोझो सेटले पराजित गरेको छ । जीएस निकेतनले जनकल्याणलाई २५-१७ र २५-२२ ले पराजित गरेको हो । शुक्रबार भएको अन्तिम सातौं खेलमा विजयी हुँदै वत्सलादेवी मावि क्वाटरफाइनलमा प्रवेश गरेको छ । वत्सलादेवीले थाहा नगरपालिकाको बागेश्वरी माविलाई २-० को सोझो सेटले पराजित गरेको छ । वत्सलादेवीले बागेश्वरीलाई २५-१२ र २५-१५ ले पराजित गरेको हो ।

प्रतियोगिताअन्तर्गत् आज शनिबार क्वाटरफाइनल, सेमीफाइन र फाइनल खेल हुने जनाइएको छ । प्रतियोगितामा मकवानपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालय गरी २१ वटा विद्यालयको सहभागिता रहेको नेपाल रेडक्रस सोसाइटी मकवानपुरका कार्यालय प्रमुख लक्ष्मण भट्टराईले जानकारी दिनुभएको छ । लिग चरणमा सञ्चालन भएको प्रतियोगिताको उपाधि विजेता टिमले २५ हजार रुपैयाँ, उपविजेता टिमले १५ हजार रुपैयाँ र सान्त्वना हुने टिमले ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीले पनि नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# मकवानपुर गोल्डकपमा १२ टिम सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः छैठौं संस्करणको स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्डकप आगामी माघ १६ गतेदेखि सुरु हुने भएको छ। शुक्रबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै मकवानपुर जिल्ला फुटबल संघले प्रतियोगितावारे जानकारी गराएको हो ।

हेटौंडा-६ स्थित गौरीटार रंगशालामा आयोजना हुने प्रतियोगिताको खेल तालिका माघ १४ गते सार्वजनिक गर्ने संघका महासचिव छबि सुवेदीले जानकारी गराउनुभयो । प्रतियोगितामा घरेलु टोली रिगल हेटौडा एन्फा मकवानपुरसहित पारा एफसी भुटान, चर्च ब्वाइज युनाइटेड, संकटा क्लव, हिमालयन शेर्पा क्लव, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस, मछिन्द्र क्लब, मनाङ मर्स्याङ्दी, सर्लाहीको बागमती युथ क्लब, श्री स्टार क्लब र धनकुटास्थित राजारानी क्लबले सहभागिता रहनेछ । राजारानी क्लबले पहिलोपटक मकवानपुर गोल्डकपमा सहभागी जनाउन लागेको हो ।

प्रतियोगिताको फाइनल खेल माघ २७ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले १५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १० लाख रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, सर्वोत्कृष्ट खेलाडीले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीको पुरस्कार प्रायोजन हेटौंडा-४ का व्यवसायी सन्तोष गौतमले गर्नुभएको हो ।

प्रतियोगिताको अन्य विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, उत्कृष्ट पत्रकारको रुपमा एक जनालाई नगद ५० हजार रुपैयाँसहित सम्मान गर्ने पनि जनाइएको छ । प्रतियोगितामा १ करोड ६० लाख रुपैयाँ खर्च हुने अनुमान छ । प्रतियोगिता अवलोकनका लागि दर्शकलाई एक सय रुपैयाँको टिकटदर तोकिएको छ भने सेमिफाइनल र फाइनलमा बढाउने जनाइएको छ ।

मकवानपुर जिल्ला फुटवल संघका अध्यक्ष टीका लामाको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना, बागमती प्रदेश फुटबल महासंघका महासचिव लभराज ठकुरी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्की र कार्यालय प्रमुख माधव कोइरालालगायतको आतिथ्य रहेको थियो ।

# पत्रकारलाई विभेद गरेको छैनः मन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौंडा: बामगती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेश सरकारले पत्रकारलाई विभेद नगरेको दावी गर्नुभएको छ । शुक्रबार हेटौंडामा नेपाल प्रेस युनियन जिल्ला कार्यसमिति मकवानपुरले आयोजना गरेको सञ्चारकर्मीहरुको अधिकार, चुनौती र समाधान विषयक कार्यशाला गोष्ठीमा उहाँले यस्तो बताउनुभएको हो ।

कार्यक्रममा सहभागीहरुले बागमती प्रदेश सरकार पत्रकारसँग नजिक हुन नसकेको भन्दै गुनासो गरेका थिए । मन्त्री श्रेष्ठले प्रदेश सरकारले सञ्चार माध्यमसँग जोडिन कानुन निर्माणको चरणमा रहेको बताउनुभयो । प्रदेश सरकारले विज्ञापन नदिएको भन्ने प्रसंगमा उहाँले कानुनमा २० लाखभन्दा माथिका योजनाको विज्ञापन राष्ट्रिय दैनिक पत्रिकामा दिनुपर्ने भएकाले लोकल पत्रपत्रिका, सञ्चारमाध्यमहरुलाई दिन नसकिएको बताउनुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो- 'सरकारले ३२ वर्षअघि बनाएको कानुनले समस्या सिर्जना गरेको छ । पहिले कानुन निर्माण गर्दा सरकारको नेतृत्वले सरोकारवाला सबै व्यक्ति तथा संस्थासँग परामर्श गरेरै कानुन पास गरेको हुनपर्छ । यसलाई आवश्यकताअनुसार संशोधन गर्दै जाने हो । यो ऐन संशोधन गर्ने प्रतिबद्धता पनि म गर्छु ।' समयसँगै परिमार्जित हुन आवश्यक कानुन संशोधन गरेर जानुपर्ने धारणा उहाँले राख्नुभयो ।

संघीय सरकार र प्रदेश सरकारको कानुन बाझिँदा केही समस्या आएको बताउँदै ऐन संशोधन गर्न लागि परेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । 'विगतमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ जारी गर्नुअघिका कतिपय ऐन कानुनले संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता चिन्दैन', उहाँले भन्नुभयो- '२०७२ सालको संविधानलाई नचिन्ने त्यस्ता ऐन कानुनलाई परिमार्जन पनि गर्न सकेको छैन । प्रदेश सरकारले परिमार्जनको लागि सुरुवात गरेको छ ।'

प्रदेश सरकारले सञ्चार क्षेत्रलाई समेट्न सूचना बैंक स्थापना गर्नका लागि चालु आर्थिक वर्षको बजेट पुस्तिकामा कार्यक्रम राखेर १ करोड रुपैयाँ बजेट व्यवस्था गरिएकोमा संघीय सरकारले सूचना बैंक स्थापना गर्न नदिएको मन्त्री श्रेष्ठले बताउनुभयो । आफूले सञ्चार क्षेत्रको लागि संसदमा प्रतिपक्ष जसरी बोलेको भन्दै उहाँले सञ्चारकर्मीसँग आफू नजिक रहन चाहेको बताउनुभयो । बागमती प्रदेश सरकारले गलत गरेमा खबरदारी गर्नुपर्ने र कुनै कार्यमा सुभाव दिनसमेत मन्त्री श्रेष्ठले आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुले पत्रकारिता कमजोर हुँदै गएकाले पत्रकारितालाई फेरि पुनर्जीवित गरेर सशक्त बनाउनका लागि भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका थिए । तीनै तहका सरकार पत्रकारिताको स्थायित्वका लागि लाग्नुपर्नेमा कार्यक्रममा छलफल भएको छ। पछिल्लो समय सञ्चार गृहमा देखिएका समस्याले ३५ प्रतिशतभन्दा बढी श्रमजीवी पत्रकारलाई समस्या सिर्जना भएकाले सञ्चारगृहहरुलाई नियमन गर्नुपर्नेमा सहभागीले जोड दिएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशको संस्थापक अध्यक्ष प्रताप विष्टले बागमती प्रदेशमा सञ्चार क्षेत्रमा काम गरिरहँदा सहजता अनुभूति गरेको बताउनुभयो । पछिल्लो समय तथ्य एउटा हुने र पत्रकार अध्यक्ष/उपाध्यक्ष च्यापिर हिँड्न थालेकाले पत्रकारको इमानदारिता र क्षमता कमजोर भएर गएको बताउनुभयो ।

नेपाल प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारीको अध्यक्षता तथा बामगती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव गैडा, सञ्चार रजिष्ट्रार रेवती सापकोटा, नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेल, नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, नेपाल प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, महासचिव माधव धिताल, नेपाली कांग्रेस मकवानपुका सभापति बुद्ध लामालगायतको उपस्थिति रहेको थियो ।

# मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडा:धरान-चतरा सडकखण्डस्थित बागमती गाउँपालिका-८, भुवनचुलीमा मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते भएका छन् । शक्रबार दिउँसो २ बजेर ५० मिनेटको समयमा राईगाउँबाट हेटौंडातर्फ आउदै गरेको बा ९७ प ३३४६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक बागमती-२, राईगाउँ बस्ने ३९ वर्षीय अर्जुन पहरी र मोटरसाइकलमा पछाडि सवार ३४ वर्षीय आइतेराम गोले घाइते भएका हुन् । घाइते पहरीको दाहिने खुट्टा र बायाँ हातमा चोट लागेको छ भने पछाडि सवार गोलेको दुबै खुट्टा र बायाँ हातमा चोट लागेको छ । घाइते पहरी र गोलेको मकवानपुर सहकारी अस्पतालमा उपचारका लागि ल्याइएको प्रहरीले जनाएको छ ।

# वातावरणीय अधिकारका विषयमा अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः नगरस्तरीय युवा सञ्जाल हेटौंडाको आयोजनामा वातावरणीय अधिकार विषयक अन्तरक्रिया कार्यक्रम भएको छ । शुक्रबार हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको सभाकक्षमा जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललितबहादुर घलानको प्रमुख आतिथ्य तथा सञ्चालका अध्यक्ष दिपेश मिश्रको अध्यक्षतामा अन्तरक्रिया भएको हो ।

अन्तरक्रियाअघि युरोपियन सेन्टर फर न्यूक्लियर रिसर्च सेन्टरका अनुसन्धान वैज्ञानिक निश्चल बानियाँले वातावरणीय प्रभावको विषयमा प्रस्तुति राख्नुभएको थियो । आधुनिक विकास र मानवीय व्यवहारका कारण वातावरणमा पारेको प्रभाव, बढ्दो तापमानका विषयमा बानियाँको प्रस्तुतीपछि अन्तरक्रिया सुरु भएको हो । वैज्ञानिक बानियाँले विश्व समुदायमा वातावरणीय प्रभाव र तापमानको बढ्दो अवस्था आधुनिक विज्ञानले अनुमान गरेभन्दा पनि बढी नकारात्मक प्रभाव देखिएको उल्लेख गर्नुभयो ।

अन्तरक्रियामा सहभागीले वातावरण संरक्षणमा नेपालले उल्लेख्य भूमिका निर्वाह गरे पनि त्यसको लाभ भने पाउन नसकेको गुनासो गरेका थिए । वातावरणमा क्षति पुऱ्याउने सन्दर्भमा नेपालको नगन्य भूमिका रहे पनि वन क्षेत्रको विकास गरी नेपालले विश्व समुदायलाई नै मूलतः कार्वनजन्य फोहर व्यवस्थापनमा उल्लेख्य योगदान गर्दै आएको सहभागीको भनाइ थियो । वन तथा वनपैदावारको उपयोगिताको विषयमा सरकारले गम्भीर ध्यान दिनुपर्ने सुभाव दिँदै काठको सहज उपलब्धता नहुँदा फलाम तथा आल्मुनियमजन्य वस्तु आयात गरी नेपालले ठूलो धनराशी गुमाउनु पर्ने बाध्यता रहेको औंल्याइएको थियो ।

कार्यक्रममा वडा अध्यक्ष नवीन सिग्देल, सामुदायिक वन उपभोक्ता महासंघ केन्द्रीय समितिका सदस्य खडानन्द चौलागाई, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, हेटौंडा उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाका प्रमुख भीमप्रसाद तिमल्सिनाको पनि आतिथ्य रहेको थियो ।

# १३ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ स्थित सिद्धार्थ माविमा शुक्रबार भएको रक्तदान कार्यक्रममा १३ जनाले रक्तदान गरेका छन् । विद्यालयले ४८ औं वार्षिक उत्सवको अवसरमा आयोजना गरेको कार्यक्रममा ५ जना महिला र ८ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा विद्यालय परिसरमा भएको थियो । आज शनिबार नेपाल रेडक्रस सोसाइटी उपशाखा, हेटौंडा-५ पिप्लेमा रक्तदना कार्यक्रम हुँदैछ । आगामी १३ गते शनिबार शहीद स्मारक र घर व्यवसायी संघद्वारा छुट्टाछुट्टै रक्तदान कार्यक्रम रहेको प्राविधिक सापकोटाले जानकारी दिनुभयो ।

## सामाजिक संजाल प्रयोगकर्ताले ध्यान दिऔं

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामाग्री तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालविवाह, मानव बेचबिखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउँने अपमान गर्नेजस्ता कार्य सामाजिक संजालबाट नगरौं ।
- निजी प्रकृतिका फोटो भिडियो अनुमति बेगर छायांकन, प्रकाशन तथा प्रशारण नगरौं,
- अश्लिल शब्द तस्बिर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रशारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देह व्यापार लगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर ,भिडियो अपलोड र शेयर नगरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# डिजिटल पत्रकारिताको चुनौतीबारे कार्यशाला

समाज संवाददाता

हेटौंडाः प्रविधिको विकास र डिजिटल पत्रकारिताको चुनौती र सम्भावना विषयमा कार्यशाला सुरु भएको छ । शुक्रबार प्रेस चौतारी नेपाल मकवानपुर जिल्ला कमिटीको आयोजनामा हेटौंडामा कार्यक्रम भएको हो ।

प्रेस चौतारी मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीको सभाध्यक्षता तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा कार्यशाला उद्घाटन गरिएको थियो । कार्यक्रममा पूर्वमुख्यमन्त्री पौडेलले सबै सञ्चारकर्मीहरुले आफ्नो कर्तव्य पालना गर्नुपर्ने बताउनुभयो। सञ्चारकर्मीहरुले आफूलाई देशको चौथो अंगको रुपमा प्रमाणित गर्न सक्नुपर्ने उहाँले बताउनुभयो।

बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती सापकोटाले डिजिटल अनलाइनमा आएको परिवर्तनका कारण सबै व्यक्तिले सजिलै समाचार पढ्ने वातावरण सिर्जना भएको बताउनुभयो। प्रदेशसँग सम्बन्धित मौलिक चलचित्र निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो । क्रियटिभ काम गर्न चाहनेहरुका लागि सञ्चार रजिष्ट्रारले नयाँ ढंगबाट काम गर्दै आइरहेको सापकोटाले बताउनुभयो। प्रविधिको माध्यमबाट व्यवस्थित ढंगबाट समाचार सम्प्रेषण गरेर अनलाइनमा सार्वजनिक गर्नुपर्ने उहाँको भनाइ छ ।

अनलाइन मिडियामा समाचार प्रकाशन गर्दा ध्यान दिनुपर्ने मुख्य विषयलाई समेटेर कार्यक्रम आयोजना गर को प्रेस चौतारीको जिल्ला कमिटी उपाध्यक्ष पुष्पराज अधिकारीले बताउनुभएको छ । दक्ष पत्रकार उत्पादन गर्ने कार्यमा सबै सञ्चारकर्मी अग्रसर हुनुपर्ने उहाँले बताउनुभयो ।

नेशनल गोल्ड टेलिभिजनका प्राविधिक अशोक बजगाईंले विषय वस्तुसँग सम्बन्धित रहेर भिडियोहरु बनाउनुपर्ने बताउनुभयो ।

आज शनिबारसम्म सञ्चालन हुने कार्यक्रममा २३ जना सञ्चारकर्मीहरुको सहभागिता रहेको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ मकवापुरका उपाध्यक्ष ध्रुव अधिकारी, प्रेस चौतारीका जिल्ला उपाध्यक्ष सुनिता विष्टलगायतको उपस्थिति रहेको थियो। कार्यक्रम सञ्चालन प्रेस चौतारी जिल्ला कमिटी सहसचिव मनिता रानाले गर्नुभएको छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ